# स्थानिय तह विशेष

## एक स्वास्थ्यकर्मी , एक स्वाथ्य शिक्षा हाम्रो अभियान" अन्तगर्तको विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम

यस जेठ महिना पर्वत जिल्लाका स्थानिय तहका विद्यालयहरुमा" महिनावारी स्वच्छता , पोषण सप्ताहा , world no tobacco day " विषयमा सम्बन्धित वडाको स्वास्थ्यकर्मीहरुले विद्यालय गई स्वास्थ्य शिक्षा कार्यक्रम संचालन गर्नुभएको थियो भने सन्दर्भ सामाग्रि प्रदेश जनस्वास्थ्य कार्यालय, पर्वतवाट तयार गरि पठाईएको थियो ।












# स्वास्थ्यकर्मी बिशेष

क्षयरोग सम्बन्धि गित

१) फूल फुलेको बन राम्रो पुर्णिमाको जून
क्षयरोग कस्तो रोग हो ध्यान दिएर सुन
(झल्को टी.बी. रोग)2 तौल घट्छ, शक्ति घट्छ,
घट्छ पेटको भोक

२) भोक लाग्दैन, जोश चल्दैन, घट्छ शक्ति
जिउको
micobactrrium TB क्षयरोग को बीउ हो
झल्को.....

३) रुघाखोकी जस्तै पहिले पछि सताउँछ
छाती दुख्छ खकारमा रगत पनि आउँछ
झल्को...

४) ज्वरो आउँछ राती पख, छाती दुख्छ चस्स
तागत घट्छ, स्याँ- स्याँ हुन्छ घाँटी खसखस
झल्को...

५) ज्वरो आउँदा, दुब्लाउँदा लाग्यो भने खोकी
जचाँउनलाई गैहाल्नुस है क्षयरोग पो हो कि
झल्को....

६) pulminary TB मा हो देखिने यी चिन्ह
क्षयरोगले बिरामीलाई गाह्रो हुन्छ हिंड्न
झल्को....

७) यस्ता लक्षण देखिएमा गाह्रो हुँदै जान्छ
फोक्सो मात्र हैन यसले अरु ठाँउ नि हान्छ
झल्को...

८) जांचेपछि पत्ता लाग्छ नलिनु है शोक
६ महिनाको उपचार ले निको हुन्छ रोग
झल्को ...

९) ६ महिना सम्म दिनहु दबाइ खानु पर्छ
क्षयरोग को कीटाणु त परपर सर्छ
तर जाँड, रक्सी, चुरोट, बिंडी बिर्सिदिनुपर्छ

१०) गेडागुडी, अन्न खानु सागपात पनि
दुध, दही, माछा, मासु खाँदा स्वस्थ हुनी

११) दबाइ खानुस निको हुन्छ अब ढुक्क हुनुस
हरेक बार खाना चार मिलाएर खानुस

१२) खाऔ सबले मिलाएर स्वस्थ खानापानी
बिताउनु छ स्वस्थ भइ हामी जिन्दगानी

१३) जान्ने, सुन्ने सबै लागौ हात मिलाऔ अब
आफू स्वस्थ, समाज स्वस्थ, स्वस्थ देश अब

***गीत भाका झल्को लाली ओठ***

*-हरिमाया पौडेल*
*( अ.हे.ब , मुडिकुवा स्वास्थ्य चौकी फलेबास नगरपालिका)*

## कुश्मा नगरपलिका

- विधालय स्वास्थ्य तथा पोषण सप्ताह अन्तरगत जेष्ट महिनाको १ देखि ७ गते सम्म १३ वटा वडाका सम्पुर्ण विधालयहरूमा पोषण प्रर्दशनी,विध्यार्थिको स्वास्थ्य परिक्षण, जुकाको औषधि खुवाउने, वातावरण सरसफाई, स्वास्थ्य शिक्षा एव कार्यक्रमको समीक्षा गरि कार्यक्रम सम्पन्न।
- महिनावारी स्वच्छता दिवशको अवसरमा कुश्मा नगरपालिका वडा नं १ र ९ मा विधालय स्तरिय वक्तृत्वकला तथा हाजिरजवाफ प्रतियोगिता संचालन एव १३ वटै वडामा रहेका सम्पुर्ण माध्यमिक एव उच्च माध्यमिक विधालयहरूमा महिनावारी स्वच्छता सम्बन्धी बिध्यालय स्वास्थ्य शिक्षा संचालन गरियो।
- प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतको आयोजनामा र नगरपालिकाको समन्वयमा पकुवा स्वास्थ्य चौकीमा महिला सामुदायिक स्वयंसेविकाहरुका लागि ४ दिने पुनर्ताजकी तालिम सम्पन्न।
- क्षयरोग मुक्त अभियान अन्तरगत सूक्ष्मयोजना निर्माणको प्रगति विश्लेषण तथा पुन:योजना निर्माण बैठक कार्यक्रम कुश्मा नगरपालिकाका १३ वडामा सम्पन्न।
- स्वास्थ्य संस्थाहरुको न्युनतम सेवा मापदण्ड अनुगमन आधारभुत स्वास्थ्य सेवा केन्द्रमा सम्पन्न।
- नियमीत रूपमा संचालन हुने नसर्ने रोगको स्कृनिङ शिबिर संचालन।

## फलेबास नगरपलिका

- फलेवास नगरपालिकाको आयोजनामा तथा प्रादेशिक क्षयरोग नियन्त्रण केन्द्रको प्राविधिक सहयोगमा २०८२ साल जेष्ठ १७ गते थापाठाना र जेष्ठ १८ गते देविस्थानमा AI X-RAY machine द्वारा छातिरोग सम्बन्धि नि:शुल्क शिविर संचालन गरि कुल ८४४ जनाको छातिको एक्सरे परीक्षण गरिएको।
- आमा बा स्वास्थ्य कार्यक्रम (जेष्ठ नागरिकको घरघरमा स्वास्थ्यकर्मी ) सम्पूर्ण वडाहरुमा सम्पन्न।
- प्रदेश जनस्वास्थ्य कार्यालय पर्वतको आयोजनामा र फलेवास नगरपालिकाको समन्वयमा भंगारा स्वास्थ्य चौकीमा महिला सामुदायिक स्वयंसेविकाहरुका लागि ४ दिने पुनर्ताजकी तालिम सम्पन्न।
- नवचेतना सामुदायिक विकास केन्द्रको आयोजनामा स्वास्थ्यकर्मीका लागि ३ दिने संक्रमण रोकथाम तालिम सफलतापुर्वक सम्पन्न।
- क्षयरोग मुक्त अभियान अन्तरगत सूक्ष्मयोजना निर्माणको प्रगति विश्लेषण तथा पुन:योजना निर्माण बैठक कार्यक्रम फलेवास नगरपालिकाका सम्पूर्ण वडामा सम्पन्न।
- स्वास्थ्य संस्थाहरुको न्युनतम सेवा मापदण्ड अनुगमन सबै स्वास्थ्य संस्थामा सम्पन्न।
- नियमित मासिक बैठक तथा स्वास्थ्य संस्थाहरुको मासिक प्रगति समिक्षा सम्पन्न।

## मोदी गाउँपालिका

- स्वास्थ्य चौकी प्रमुखहरूको मासिक समीक्षा बैठक आयोजना र विविध विषयमा छलफल गरी सम्पन्न।
- मोदी गाउँपालिका र जिभाए नेपाल बीचको साझेदारीमा विद्यालय ब्रसिङ्ग कार्यक्रमको समीक्षा। कार्यक्रममा प्राथमिक तहमा अध्यापन गराउने मुख स्वास्थ्य संयोजक (शिक्षक शिक्षिका) हरूको उपस्थितिमा मुख स्वास्थ्य कार्यक्रमको अभिमुखीकरण साथै विद्यालयमा विद्यार्थी सङ्ख्याको आधारमा आवश्यक हुने ब्रश र दन्त मञ्जनको वितरण गरिएको।
- महिनावारी स्वच्छता दिवस २८ मे सन् २०२५ को अवसरमा मोदी गाउँपालिकास्थित नवजागृत माविमा सचेतना अभिवृद्धि गर्ने उद्देश्यले विद्यालय स्तरीय हाजिरी जवाफ प्रतियोगिता आयोजना गरिएको।
- वडा नम्बर ५ बाजुङ र वडा नम्बर ६ तिहाहर स्थित स्वास्थ्य चौकीहरूमा सञ्चालन हुने साप्ताहिक दन्त क्लिनिक सेवाबाट महिला १९ जना र पुरुष १५ जना गरी ३४ जनालाई दन्त सेवा प्रदान गरिएको।
- ग्रामीण अल्ट्रासाउन्ड कार्यक्रम मार्फत मोदी गाउँपालिकामा जेठ महिनामा २६ जना गर्भवती महिलाहरुलाई नि:शुल्क भिडियो एक्सरे सेवा उपलब्ध गराइएको।

## जलजला गाउँपालिका

- स्वास्थ्य संस्थाहरुको नियमित मासिक समीक्षा बैठक सम्पन्न।
- पोषण सप्ताह कार्यक्रम (जेष्ठ १ देखि ७ गते सम्म ) पालिका भित्रका सम्पूर्ण बिद्यालयमा अध्यनरत छात्र छात्रहरुलाई जुकाको औषधि खुवाउने कार्यक्रम सम्पन्न
- महिनावारी दिवसको ( मे २८) अवसरमा हाजिरी जवाफ प्रतियोगिता मल्लाज, लेखफाँट, नाग्लिबाङ र बनौ चौकीको संचालनमा विद्यालयहरुमा सम्पन्न।
- आधारभुत स्वास्थ्य सेवा केन्द्र – ०२, आधारभूत स्वास्थ्य सेवा केन्द्र – ०४ , धाइरिङ स्वास्थ्य चौकी र बनौ स्वास्थ्य चौकीमा पोषण कर्नर निर्माण सम्पन्न।
- न्यूनतम सेवा मापदण्ड फलोअप कार्यक्रम बाँसखर्क, मल्लाज, लेखफाँट, धाईरिङ, बनौ स्वास्थ्य चौकीमा सम्पन्न।
- १ स्वास्थ्यकर्मी १ स्वास्थ्य शिक्षा कार्यक्रम अन्तर्गत विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम संचालन।

## महाशिला गाउँपालिका

- १ स्वास्थ्यकर्मी १ स्वास्थ्य शिक्षा कार्यक्रम अन्तर्गत विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम संचालन।
- स्वास्थ्य संस्थाहरूको मासिक समिक्षा तथा उत्कृष्ट स्वास्थ्य संस्था पुरस्कृत।
- महिनामारी स्वच्छता दिवसको अवसरमा विद्यालय स्वास्थ्य शिक्षा संचालन। .पोषण विशेष कार्यक्रम अन्तर्गत पोषण सम्बन्धि बिद्यालयका महिला शिक्षकहरुको वक्तृत्वकला कार्यक्रम संचालन।
- गर्भवति महिलाहरुलाई सबै वडामा गई नि:शुल्क भिडियो एक्सरे कार्यक्रम संचालन।
- सबै संस्थाका कार्यालय सहयोगीहरुलाई सङ्क्रमण रोकथाम सम्बन्धि तालिम संचालन

## बिहादी गाउँपालिका

- May 17, विश्व उच्च रक्तचाप दिवसको अवसरमा उच्च रक्तचाप साथै आत्महत्या न्युनीकरण सम्वन्धी अन्तरकृया कार्यक्रम २ नं वडा बर्राचौरमा सम्पन्न
- पोषण सप्ताह ( जेष्ठ १-७) अन्तर्गत गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरूबाट पोषण सम्बन्धी विद्यालय स्वास्थ्य शिक्षा प्रदान साथै कक्षा १-१० सम्मका बालबालिकाहरुलाई जुकाको औषधि खुवाउने कार्य सम्पन्न।
- पोषण विशेष कार्यक्रम अन्तर्गत सबै वडाहरूमा विद्यालयमा कार्यरत शिक्षिका, स्वास्थ्यकर्मी, स्वयंमसेविकाहरुलाई बालभिटा, विद्यालय किशोरी आईरन तथा बृद्धि अनुगमन सेवाको पहुँचको लागि अभिमुखिकरण कार्यक्रम सञ्चालन साथै सबै स्वास्थ्य संस्थाहरुबाट जन्मे देखि २ वर्ष सम्मका बालबालिकाहरुको पोषणको लेखाजोखा (स्क्रिनिङ) कार्यक्रम सम्पन्न।
- स्तन क्यान्सर, पाठेघर मुखको क्यान्सर तथा आङ खस्ने सम्वन्धी १ दिने नि:शुल्क शिविर विहादी स्वास्थ्य चौकीमा सम्पन्न जसमा शंखास्पद VIA पोजेटिभ १ जना, 1st degree uterine prolapse भएका ५ जना, Cervical polyp भएका ४ जना र स्तनमा गाँठागुठी भएका २ जना पत्ता लागेको।
- May 28, महिनावारी स्वाच्छता दिवसको अवसरमा श्री आम्बारी माध्यमिक विद्यालय, बर्राचौरमा विद्यालय स्तरीय वक्तृत्वकला प्रतियोगिता कार्यक्रम सञ्चालन
- विहादी गा पा, वडा नं ४ वहाकीठाटी स्वास्थ्य चौकीबाट महिला सामुदायिक स्वास्थ्य स्वयंमसेविकालाई प्रोत्साहन कार्यक्रम सञ्चालन जसमा स्वयंमसेविकालाई झोला, छाटा, पानीको बोतल, थर्मोमिटर र डायरी वितरण

## पैयु गाउँपालिका

- नियमित मासिक बैठक तथा स्वास्थ्य संस्थाहरुको मासिक प्रगति समिक्षा।
- महिनावारी दिवसका अवसरमा माद्यमिक विद्यालयमा अध्ययनरत किशोरीहरू बिच महिनावारी सम्बन्धि प्रतिसपर्धात्मक हाजिरि जवाफ प्रतियोगिता सम्पन्न।
- पैयूँ आधारभुत अस्पतालमा EMR सफ्टवेयर जडान गर्ने कार्यक्रम सम्पन्न।
- स्वास्थ्य संस्थाहरूको सामाजिक परिक्षण कार्यक्रम तथा सार्वजनिक सुनवाई कार्यक्रम सम्पन्न।
- उपाध्यक्षसंग गर्भवती तथा सुत्केरी सन्चो विसन्चो कार्यक्रमको निरन्तरता।
- गर्भवतीसंग USG कार्यक्रमको निरन्तरता।